दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १७३ | बुटवल | २०८२ असार ०५ गते बिहीबार | नेपाल संवत ११४५ | Thursday June.19, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१


# दाउन्ने खण्डमा बारम्बार जाम :





पूर्वी नवलपरासीको दुम्किबासको विनयी खोलाको डाइभर्सन बाढीले बारम्बार बगाउँदा र वर्षाले दुम्किबासको उकालो हुँदै दाउन्नेतर्फ गाडी गुड्न नसक्दा पूर्व पश्चिम महेन्द्र राजमार्गअन्तर्गत पश्चिम नवलपरासीको दाउन्ने खण्डदेखि पूर्वी नवलपरासी दुम्किबास, अरुणखोला चोरमारा खण्डसम्म बारम्बार गाडीको जाम (लामो लाइन) लाग्ने गरेको छ। मंगलबार रातिदेखि परेको वर्षाका कारण पश्चिम नवलपरासीको भुताहादेखि पूर्वी नवलपरासीको चोरमारासम्मको क्षेत्रमा करिब ४५ किलोमिटर लामो जाम भएको थियो। निर्माणाधीन सडकको हिलोले उकालोमा गाडीहरू गुड्न नसक्दा बिहान ५ बजेदेखि नै गाडी रोकिएका थिए। बुटवल-नारायणगढ सडक विस्तारअन्तर्गत दाउन्ने खण्डको सडक पिच हुन नसक्दा हिलोले गाडी गुड्न नसकेर हुने जामले यात्रु र सवारी चालक, सवारी धनीले सास्ती खेप्दै आएका छन्।

## लुम्बिनी एम्युजमेन्ट पार्कमा डुबेर मृत्यु

भैरहवा। सिद्धार्थनगर नगरपालिका वडा नम्बर १ स्थित लुम्बिनी एम्युजमेन्ट पार्क (अक्वा पार्क) मा एकजना भारतीय नागरिकको मृत्यु भएको छ। भारतको महाराजगञ्ज नगरपालिका वडा नं. १३ नौतनहवा बस्ने १४ वर्षका साहिल अन्सारीको बुधबार दिउँसो करिब साढे १२ बजे पौडी खेल्ने क्रममा मृत्यु भएको हो।

लुम्बिनी एम्युजमेन्ट पार्कमा पौडी खेलिरहेका अन्सारीको सुरक्षा गार्डको अभावका कारण मृत्यु भएको मृतकका आफन्त सेराजुदिन मुसलमानले बताए। घटना घटिसकेपर्छि पार्क सञ्चालकले पार्कको पानी घटाएको मृतकका आफन्तले दाबी गरे। अन्सारीको मृत्यु स्वीमिङ पुलमा पौडी खेल्ने क्रममा डुबेर भएको हो। यसबाट पार्क व्यवस्थापनका लागि सुरक्षा व्यवस्थामा सुधारको आवश्यकता स्पष्ट देखिन्छ।

पार्कमा नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माको समेत लगानी रहेको छ।

## दुई हजारभन्दा धेरै भिजिट भिसा पीडित सम्पर्कमा : झा

बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले २ हजारभन्दा धेरै भिजिट भिसा पीडित नेपाली आफूहरूको सम्पर्कमा आएको बताएको छ। जेठ १४ गते रास्वपाले भिजिट भिसा वा मानव तस्करीसँग सम्बन्धित प्रकरणका कारण ठगिएका नेपालीलाई सम्पर्कमा आउन आह्वान गरेको थियो थियो।

'त्यो क्रममा भर्चुअल र फिजिकल माध्यमबाट २ हजारभन्दा धेरै पीडित नेपाली नागरिक सम्पर्कमा आउनुभयो,' रास्वपाका कार्यबाहक प्रवक्ता मनीष झाले भने-'त्यसमध्ये केही आफ्नो दुःखको कथा र ठगिएको सम्बन्धित प्रमाण लिएर पार्टी कार्यालयमा आउनुभयो। हामीले उहाँहरूलाई सम्बन्धित सरकारी निकाय र संवैधानिक नियोगलगायतमा उजुरी दिन सुझाएका हौं। र, यो एक राजनीतिक दलले गर्ने स्वाभाविक व्यवहार र नियमित अभ्यास हो।'

भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा र छानबिन समितिको माग गर्दै रास्वपाले प्रतिनिधिसभा अवरुद्ध गर्दै आएको छ।

## एमसीसी कार्यान्वयन हुन्छ : अमेरिका

बुटवल। संयुक्त राज्य अमेरिकाको अनुदान कार्यक्रम 'मिलेनियम च्यालेन्ज कम्प्याक्ट'ले निरन्तरता पाउने भएको छ।

नेपालस्थित अमेरिकी दूतावासका अनुसार नेपालले मिलेनियम च्यालेन्ज कर्पोरेसनसँग गरेको अनुदान सम्झौतालाई अमेरिकी सरकारले निरन्तरता दिन र पूर्ण कार्यान्वयन गर्न भनेको हो।

'यद्यपि अमेरिकी विदेशी सहायतामाथिको समीक्षा निरन्तर चलिरहेको छ, सन् २०२५ फेब्रुअरीमा स्टेट सेक्रेटरीले अमेरिकाको विदेशी सहायता ९० दिनलाई स्थगित गर्ने निर्णयमा एमसीसी नेपाल कम्प्याक्टका लागि भने विशेष छुट दिने प्रस्तावलाई स्वीकृत गर्नुभएको थियो। सोही छुटअनुसार एमसीसी नेपाल कम्प्याक्टलाई पूर्ण कार्यान्वयनसहित निरन्तर रहने अधिकारप्राप्त भएको छ।'

## रवि र छविलाई पर्सा लगिने



बुटवल। भैरहवा कारागारमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र नेपाल प्रहरीका पूर्वडीआईजी छविलाल जोशी बन्जाडेलाई पर्सा लगिने भएको छ।

जिल्ला अदालत पर्सामा दुवैजनाविरुद्ध सानो पाइला सहकारी ठगीको अभियोग दायर भएपछि अदालतले उनीहरूलाई कारागारबाटै झिकाउने तयारी गरेको हो। जिल्ला अदालत पर्साका सूचना अधिकारी रामनरेश महतोले उनीहरूलाई चाँडै पर्सा अदालतमा झिकाएर बयान गराउने र थुनछेक आदेश गर्ने बताए। सानो पाइला सहकारी ठगीको दोस्रो चरणको अभियोगमा २९ जनालाई प्रतिवादी बनाइएको छ। उनीहरूले सानो पाइला सहकारीको कुल २ अर्ब ३० करोड १४ लाख २९ हजार ८ सय रुपैयाँ हिनामिना गरेको अभियोग छ। प्रतिवादीमध्ये २५ जना फरार छन्। उनीहरूको हकमा अदालतबाटै म्याद जारी गर्न सरकारी वकिल कार्यालयले अभियोग पत्रमा माग गरेको छ।

बाँकी चारजना भने अन्य सहकारी ठगीकै अभियोगमा पुर्पक्षका लागि कारागारमा छन्। रवि र छवि रूपन्देहीको सुप्रिम सहकारी ठगीको अभियोगमा पुर्पक्षका लागि जिल्ला कारागार रूपन्देहीमा छन्। छविलाई जिल्ला अदालत रूपन्देहीले र रविलाई उच्च अदालत तुलसीपुरको बुटवल इजलासले थुनामा राख्न आदेश गरेको हो। रविलाई जिल्ला अदालतले एक करोड धरौटीमा रिहा गर्न आदेश दिएको थियो। छविलाई भने जिल्लाले नै थुनामा पठाउन आदेश दिएको थियो।

तर उच्च अदालतले छविको हकमा जिल्लाकै आदेश सदर गर्दै रविलाई पनि थुनामा राख्ने आदेश गरेको हो। उक्त आदेश सर्वोच्च अदालतबाट पनि सदर भइसकेको छ। यससँगै उनीहरू दुवैजना मुद्दाको फैसला नआउन्जेल थुनामै बस्न पर्ने भएको छ।

रामबहादुर खनाल र प्रमोद भट्टराई कास्कीमा थुनामा छन्। उनीहरू चारैजनालाई झिकाई मुद्दाको कारबाही अगाडि बढाउन माग गरिएको छ। अदालतले एउटै कारागारमा रहेका दुईजनालाई एकसाथ बोलाउने र अर्को कारागारमा रहेका दुई जनालाई अर्कोपटक बोलाउने भएको छ।

सानो पाइला सहकारीको दोस्रो चरणको अभियोगमा प्रतिवादी बनाइएका भूपेन्द्र राई, सागर केसी, मनिषा पाण्डे, दीपक लामा, विशाल तामाङ, कविता तामाङ, भगवती बम्जन, खिमानन्द कँडेल, नवीन अछामी, हेमन्त अधिकारी, दिपिका राई, नविना रिमाल, इरान लामा, सविना आले मगर, भक्तबहादुर भ्लोन, प्रदिप लामा, सविता लामा, शान्तिकुमारी सुवेदी, गणेशराज श्रेष्ठ, सुनिता नेवा, रोमन काफ्ले, कमल लामा, कल्पनाकुमारी श्रेष्ठ, राजु बराल र नवराज राउत फरार रहेको अभियोग पत्रमा उल्लेख छ।

» बाँकी ३ पेजमा

## अर्जुनचौपारीले काठे गाई प्रवर्धन गर्ने




श्रीकृष्ण सिग्देल

*स्याङ्जा*

स्याङ्जाको अर्जुनचौपारी गाउँपालिकामा १७औं गाउँसभा सुरु भएको छ। पालिकाले असार २ गतेबाट गाउँसभा सुरु गरेको हो।

१७औं गाउँसभा अधिवेशनको शुभारम्भ गर्दै गाउँपालिका अध्यक्ष प्रकाश तिवारीले नीति तथा कार्यक्रम सार्वजनिक गरेका छन्। नीति तथा कार्यक्रममा आर्थिक वर्ष २०८२/०८३ बाट पालिकामा 'एक टोल, एक काठे गाई' प्रवर्धनको अवधारणा अगाडि सारेका छन्।

गाउँघरमा गाई पाल्ने प्रचलन हराउँदै जान थालेसँगै काठे गाई पनि संरक्षणको अभावमा हराउन थालेपछि गाउँपालिकाले नीति तथा कार्यक्रममार्फत् गाई पालनलाई व्यवसायीकरण गर्ने नीति अगाडि सारेको छ। हिन्दु परम्परा र संस्कारअनुसार गाईको गहुँत र गोबर आवश्यक पर्ने, तर गाउँघरमा गाई पाल्ने प्रचलन हराउन थालेपछि अध्यक्ष तिवारीले काठे गाईलाई युवा लक्षित पशुपालन प्रवर्धनमा जोड्ने गरी नीति तथा कार्यक्रम अगाडि सारेको बताएका छन्।

पालिकालाई कृषि र पशुपालनमा हब बनाउन पालिकाले सञ्चालन गर्दै आएको नवग्रह कृषि फार्मलाई थप व्यवस्थित बनाउन एकिकृत कृषि प्रणाली तथा जैविकसँगै प्रविधिमैत्री कृषिमा जोड दिने नीति अगाडि सारेको उल्लेख गरिएको छ। अध्यक्ष तिवारीले गाउँसभामा पेश गरेको नीति तथा कार्यक्रममा शिक्षा, स्वास्थ्य, पर्यटन, खानेपानी र कृषिमा बढी जोड दिने नीति अगाडि सारेका छन्।

प्रत्येक विद्यालयमा सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी तोक्ने, नागरिकलाई टेवा, घर–घरमा स्वास्थ्य सेवा लागुगर्ने, स्वच्छ खानेपानी, सुरक्षित जिन्दगानी कार्यक्रम अगाडि सार्नेलगायतका गाउँवासीको अत्यावश्यकतालाई नीति तथा कार्यक्रममा जोड दिइएको छ।

» बाँकी ३ पेजमा




# सम्पादकीय

## दोषी कर्मचारीलाई कारबाही गर

विदेशमा अध्ययन गर्न जाने विद्यार्थीलाई दिने 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) मा घुस लिएको समाचार सार्वजनिक हुनु लज्जास्पद छ । मुलुकको कर्मचारी संयन्त्रले हरेक ठाउँमा घुस विना काम गर्नै नसक्ने अवस्थामा पुग्नुले शासन प्रक्रियामा त्रुटि कि इमान्दारिताको अभाव भन्ने प्रश्न उब्जिएको छ। अध्यागमन, भन्सार, राजस्व, नापी, मालपोतलगायतका कार्यालयमा अतिरिक्त शुल्क विना कामै नहुने प्रवृत्ति मौलाएको बेला शिक्षा मन्त्रालयअन्तर्गतको कार्यालयले पनि एनओसी दिँदा घुस लिन थालेको विषय दुःखद छ।

अध्ययनका लागि विदेश जाने युवा प्रक्रियागत झमेलामा पर्नुभन्दा अतिरिक्त पैसा दिएर काम गर्न तयार भएको छ । तर देश छाडेपछि उसले सोंच्ने, बुझ्ने र बनाउने धारणा कस्तो होला ? हरेक ठाउँमा घुस लिने प्रवृत्ति बढ्दै जाँदा यो मुलुकमा केही हुन्न भनेर निराशा बाँड्नेहरुलाई बल पुग्नेछ। एनओसी शाखाका कर्मचारीले कम्प्युटरमा नक्कली योग्यतापत्र अपलोड गरेर समेत एनओसी दिने गरेको खुलेको छ। नक्कली कागजात बनाउन शाखाका कर्मचारी र कन्सल्टेन्सीहरू मिलेको खुलेको छ । कम्प्युटरमा नक्कली योग्यतापत्र पनि इन्ट्री गरिएको भेटिएकोले अख्तियारको छानबिन हुनुपर्छ।

वैदेशिक अध्ययनमा जान डलर सटहीका लागि पनि एनओसी अनिवार्य हुन्छ। विद्यार्थी विदेशमा के पढ्न जाँदैछन् ? नेपालमा के पढेको हो, कुन संस्थामा जान लागेको हो, त्यो कानुनी प्रक्रिया पूरा गरेको संस्था हो होइन, सबै हेरेर मात्र एनओसी दिनुपर्छ । कर्मचारीले घुसका लागि प्रक्रिया पूरा नगरेको भए पनि बार्गेनिङ गरिरहेको पाइएकोले छानबिन गरी उनीहरुलाई कारबाही गर्नुपर्छ ।

अतिरिक्त शुल्क लिने अड्डामा कर्मचारी सेटिङमा सरुवा हुने गरेकाले सेटिङमा कर्मचारी सरुवा हुने प्रवृत्तिलाई रोक्न आवश्यक छ । भुटानी शरणार्थी र भिजिट भिसा प्रकरणको अनुसन्धानले सेटिङमा कर्मचारी सरुवा भएको पाइएकोले सेटिङ तोड्ने आँट राजनैतिक नेतृत्वसँग हुनुपर्छ। अझ वर्षौं एउटै कार्यालयमा बिताउने कर्मचारीको सूची पनि लामै छ। कसैलाई दुर्गम र अप्ठारो ठाउँमा गइरहनुपर्ने र कोही काठमाडौं छाड्न नपर्ने अवस्थाको अन्त्य गरी सरुवा र बढुवामा सबैलाई समान गराउन सके कर्मचारीको सेटिङ भत्किन सक्छ।

एनओसी प्रकरणको छानबिन गर्न शिक्षा मन्त्रालयले छानबिन समिति बनाएको छ । अब यो समितिको काम इमान्दारीपूर्वक छानबिन अघि बढाउनु हो । दोषीलाई कारबाही गरी कर्मचारी संयन्त्रप्रति खस्कदो साखलाई जोगाउने उपाय हो। शासनप्रणालीप्रति नागरिकको विश्वास बढाउने अवसर पनि हो ।

# सरकारी निकायको आर्थिक अराजकता रोक्न महालेखाको भूमिका



सागर पण्डित

नेपालको सार्वजनिक प्रशासन र वित्तीय अनुशासनमा बेरुजु एक गम्भीर रोगको रुपमा उभिएको छ । राज्यकोषबाट खर्च गरिएको रकमको लेखाजोखा, जवाफदेहिता र पारदर्शिताको आधारमाथि आघात पुर्‍याउने गरी बर्सेनि बढ्दो बेरुजुले सुशासनमाथि गहिरो प्रश्न उठाइरहेको छ । महालेखापरीक्षकको कार्यालयले प्रत्येक आर्थिक वर्षमा सार्वजनिक निकायमा लेखापरीक्षण गर्दै लेखापरीक्षण प्रतिवेदनमार्फत् यस्ता अराजक अभ्यासको खुलासा गर्दै आएको छ, तर सुधारको पहल भने अपेक्षितरूपमा अघि बढ्न सकेको छैन ।

महालेखापरीक्षकको कार्यालयले पछिल्लो समयमा सार्वजनिक गरेको ६२औं वार्षिक प्रतिवेदनअनुसार, आर्थिक वर्ष २०८०/८१ मा मात्रै कुल ९१ अर्ब ६० करोड रुपियाँको नयाँ बेरुजु देखिएको छ । यो रकम हालसम्म फस्र्यौट नभएको बेरुजुमा थपिँदा देशको कुल बेरुजु ७ खर्ब ३३ अर्ब १९ करोड रुपियाँ पुगेको छ। यो रकम नेपालको वार्षिक बजेटको झन्डै एक तिहाइ बराबर छ, जुन वित्तीय अनुशासनको दृष्टिकोणले अत्यन्तै भयावह अवस्था हो।

यसमध्ये करिब ३० अर्ब असुल गर्नुपर्ने रकम प्रत्यक्ष अनियमितताको परिचायक हो भने ५६ अर्ब रुपियाँ नियमअनुसार नियमित गर्नुपर्ने रकम हो। यी तथ्यांकहरूले देखाउँछन् कि राज्यको धनसम्पत्ति व्यक्तिगत लाभका लागि प्रयोग गर्ने प्रवृत्ति अझैँ अन्त्य भएको छैन, बरु नितान्त संस्थागत स्वरुपमा फैलिँदै गएको छ।

नेपालको संविधानबमोजिम महालेखापरीक्षकको कार्यालय एक स्वतन्त्र संवैधानिक निकाय हो, जसको प्रमुख जिम्मेवारी सरकारी आय-व्यय र सम्पत्ति-दायित्वको लेखापरीक्षण गर्नु हो । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ मा बेरुजु फस्र्यौट गर्ने जिम्मेवारी खर्च गर्ने कर्मचारी वा पदाधिकारीमा स्पष्टरुपमा तोकिएको छ। तर जिम्मेवारी तोकिए पनि त्यसको पालना गर्ने अवस्था भने ज्यादै कमजोर छ।

महालेखाको तर्फबाट प्रत्येक वर्ष सम्बन्धित कार्यालयलाई सुधारात्मक सुझाव र मार्गदर्शन दिइन्छ, तर ती सुझाव कार्यान्वयन गर्ने सरकारी संस्थाहरूको इच्छाशक्ति कमजोर देखिन्छ । नतिजा स्वरूप एकातर्फ बेरुजु थपिँदै जान्छ भने अर्कातर्फ अनुशासनको ख्याल नगर्ने प्रवृत्तिमा प्रोत्साहन मिल्दै जान्छ।

महालेखाको हालको नेतृत्वले 'भ्रष्टाचारमा शून्य सहनशीलता'को नीति अपनाउँदै लेखापरीक्षणको दायरा र प्रभावकारिता दुवैमा सुधार ल्याउने प्रयास गरिरहेको छ । लेखापरीक्षणको दायरा प्रदेश तथा स्थानीय तहसम्म विस्तार गर्दै सातवटै प्रदेशमा अनिवार्यरुपमा क्षेत्रीय कार्यालय राख्नुपर्ने माग यथार्थपरक छ । यसले वित्तीय अनुशासन कायम गर्न स्थानीय तहसम्मै लेखापरीक्षणको प्रभावकारिता बढाउन सक्नेछ।

महालेखाले बर्सेनि झन्डै ६ हजार सरकारी कार्यालयहरुको लेखापरीक्षण गर्दै आइरहेको छ। सरकारका सबै निकायको लेखापरीक्षण गर्ने जिम्मेवारी पाएकाले लेखापरीक्षक कार्यालयले यो सबै काम केन्द्रबाट मात्रै गर्नुपर्ने बाध्यता छ । जसका कारण कार्यालयले धेरै नै समस्या व्यहोर्नु परिरहेको छ । त्यसैले सरकारले सातै प्रदेशमा महालेखा परीक्षक कार्यालयको प्रदेश स्तरीय कार्यालय राख्न अब ढिलाइ गर्नुहुँदैन ।

महालेखापरीक्षक कार्यालयले सीमित स्रोत, साधन र जनशक्तिबाट देशभरका सरकारी कार्यालयको लेखापरीक्षण गर्नुपर्ने बाध्यता छ। त्यसैले महालेखालाई साधन, स्रोत र जनशक्तिले सम्पन्न गराउनुपर्ने बेला आएको छ । सुधार गर्ने सवालमा महालेखालाई पूर्णरुपले स्वायत्तता दिनुपर्छ। महालेखालाई आवश्यक पर्ने जनशक्तिका बारेमा महालेखा कार्यालयबाहेक अन्यलाई थाहा हुँदैन ।

त्यसैले यसको 'ओ एन्ड एम सर्भे' गर्ने अधिकार महालेखालाई नै गर्न दिँदा उचित हुन्छ।

अर्कोतर्फ महालेखाका आफ्नै कर्मचारीमाथि पनि समय-समयमा प्रश्न उठ्ने गरेको छ। कतिपय अवस्थामा लेखापरीक्षणमा खटिएका कर्मचारीमाथि कमिसन लिएको, पैसा खाएर हिसाब मिलान गर्ने गरेको वा साँठगाँठको आरोप लाग्नुले यस संवैधानिक निकायको निष्पक्षता र साखमाथि प्रश्न खडा गर्ने भएकाले यस विषयमा महालेखाका सबै कर्मचारी र पदाधिकारीहरु सतर्क हुनुपर्छ।

महालेखाले आन्तरिकरुपमा यस्ता प्रश्नहरु नआउने गरी लेखापरीक्षण कार्यलाई पारदर्शी र वैज्ञानिक बनाउनुपर्छ । कसैले पैसा खाएर कागजात मिलाएको पुष्टि भएमा कारबाही गर्ने परिपाटीको विकास गर्नुपर्छ । महालेखापरीक्षक कार्यालयले गुनासो सुनुवाइ गर्न आफैँभित्र स्थायी संयन्त्र निर्माण गर्नुपर्छ। यसो गर्न सकेमा महालेखा परीक्षक कार्यालयमाथि लाग्ने गरेको आरोप खण्डित हुनसक्छ र त्यस प्रकारका गुनासाहरु पनि आउँदैनन्।

उता महालेखाजस्ता संवैधानिक र स्वतन्त्र निकायले गरेका काम-कारबाहीका बारेमा प्रश्न उठाउने पक्षहरुले पनि तथ्यसहित प्रश्न गर्नुपर्छ। महालेखाजस्ता संवैधानिक निकायमा काम गर्नेहरुका विरुद्ध कसैले पनि हचुवामा तथ्यविनाको आरोप लगाएर संवैधानिक निकायमा कार्यरतहरुको मनोबल गिराउने काम कसैबाट गरिनुहुँदैन । संसद्ले पनि महालेखापरीक्षक कार्यालयलगायतका संवैधानिक निकायले गरेको कामको सकारात्मक र नकारात्मक पक्षलाई यथाशक्य चाँडै छलफलमा ल्याएर नियमितरुपमा नै स्पष्ट मार्गनिर्देशन दिन सक्नुपर्छ।

त्यसैले महालेखाको भित्रैदेखि सुधार आवश्यक छ- स्वच्छ संयन्त्र, आन्तरिक अनुशासन र पारदर्शिताको सुनिश्चितता अपरिहार्य छ । महालेखाले लेखापरीक्षण प्रतिवेदनमार्फत सार्वजनिक गरिएका अनियमितता, खर्चको औचित्यहीनता वा झुटा बिल-भर्पाइको विवरणहरूलाई सम्बन्धित निकायले गम्भीरतापूर्वक नलिँदा समस्या झन् जटिल बन्दै गएको छ । कतिपय निकायले महालेखाको सुझावलाई सरोकारको विषय नै ठान्दैनन्, जसले शासन प्रणालीमा गम्भीर विसंगति सिर्जना गरेको छ।

यस स्थितिमा सुधार ल्याउन महालेखाले मात्र नभई, अर्थ मन्त्रालयदेखि लेखा प्रमुख, सचिव, कार्यालय प्रमुखहरु, लेखा अधिकृतलगायत सम्पूर्ण प्रशासनिक संयन्त्रले आ-आफ्नो जिम्मेवारी निर्वाह गर्नुपर्छ। यदि खर्च गर्ने निकाय वा अधिकारीहरूकै चरम लापरबाहीका कारण बेरुजु बढेको हो भने उनीहरूविरुद्ध तत्काल कारबाहीको प्रक्रिया शुरु हुनुपर्छ।

**सुधारका उपाय र सुझावहरू**

१. बेरुजु फस्र्यौट कार्ययोजना : बेरुजु फस्र्यौट गर्न स्पष्ट कार्यतालिका र जिम्मेवारी तोकिनुपर्छ। 'कुन बेरुजु कहिलेसम्म, कसको जिम्मामा, के विधिबाट फस्र्यौट गर्ने' भन्ने विवरण सार्वजनिक गरिनुपर्छ।

२. प्रोत्साहन र दण्ड संयन्त्र : लेखा उत्तरदायी अधिकारीलाई समयमै बेरुजु फस्र्यौट गरेबापत प्रोत्साहन र लापरबाही गरे कारबाही गर्ने गरी दुवै उपायको व्यवस्था हुनुपर्छ।

३. सुधार समन्वय समिति : महालेखाको सुझावलाई कार्यान्वयन गर्न प्रत्येक मन्त्रालय र प्रदेशमा सुधार समन्वय समिति गठन हुनुपर्छ, जसमा महालेखा प्रतिनिधि, लेखा अधिकृत, मन्त्रालय प्रतिनिधि र नागरिक समाजका प्रतिनिधि रहने व्यवस्था गरिनुपर्छ।

४. सूचना प्रवाह र पारदर्शिता : बेरुजु, अनियमितता र लेखापरीक्षण नतिजासम्बन्धी सबै जानकारी सार्वजनिक पोर्टलमा अद्यावधिक राख्नुपर्छ। नागरिकले अवलोकन गर्न सक्ने प्रणालीले पारदर्शिता बढाउँछ।

५. स्वतन्त्र छानबिन संयन्त्र : महालेखाभित्रै स्वच्छता कायम राख्न स्वतन्त्र छानबिन संयन्त्र निर्माण गर्नुपर्छ। कमिसनको आशंकामा संलग्नलाई तुरुन्त कारबाही गर्ने अभ्यास बसाल्नुपर्छ।

बेरुजु मात्र एक लेखा-संज्ञा होइन, यो सुशासन र सार्वजनिक उत्तरदायित्वमाथिको गम्भीर हमला हो । महालेखाको जिम्मेवारी लेखापरीक्षण मात्र होइन, सुधारको दिशामा मार्गनिर्देशन पनि हो । तर त्यसको प्रभावकारिता सरकारी निकायको प्रतिबद्धता र कार्यान्वयन क्षमतासँग गाँसिएको हुन्छ । त्यस्तै सरकारले महालेखापरीक्षकको कार्यालयलाई साधन, स्रोत र स्वतन्त्रता दिने मात्र होइन, त्यहाँ कार्यरत कर्मचारीको स्वच्छता सुनिश्चित गर्न पनि कदम चाल्नुपर्छ। राज्यको एक-एक रुपियाँको जिम्मेवारी सरकारका हरेक तह र व्यक्तिमा बाँडिएको हुन्छ तर जब त्यो जिम्मेवारी बिर्सिन्छ, तब बेरुजुका शृंखला सुरु हुन्छ।

सार्वजनिक कोषबाट रकम खर्च गर्दै अख्तियारी प्राप्त गर्ने लेखा उत्तरदायी अधिकृत र जिम्मेवार अधिकारीहरुले संवैधानिक निकायबाट उठाइएका प्रश्नको जवाफ दिन अब ढिलाइ भइसकेको छ। यसलाई अब आम नागरिकले पर्खने अवस्था देखिँदैन। त्यसैले अब उनीहरुले आम नागरिकबाट प्रश्न आउनु र अधैर्यता हुने अवस्था आउनुअघि नै अनुत्तरित सवालहरुमा आत्म अनुशासनको ख्याल गर्दै, जिम्मेवार बनेर नागरिकका चाहना पूरा गर्दै उनीहरुमा आशा र खुशी जगाउन सक्नुपर्छ । महालेखाले आफ्नो ६२औं वार्षिक प्रतिवेदनमार्फत् संघ, प्रदेश र स्थानीय सरकार तथा मातहतका सबै कार्यालयसहित अन्य सार्वजनिक संस्थान एवं संगठित संस्थाहरुलाई निकै महत्वपूर्ण र दूरगामी प्रभाव पर्न सक्ने खालका सुझावहरु दिएको छ । महालेखाले दिएका ती सुझावको कार्यान्वयन सरकारी निकायले गरेमा शासकीय प्रबन्धमा प्रभावकारिता आउन सक्ने विश्वास लिइएको छ। यसै गरी संघीयताको प्रभावकारी कार्यान्वयन गरिनुपर्ने विषयलाई पनि महालेखाले उठाएको छ।

यसै गरी दिगो एवं आत्मनिर्भर अर्थतन्त्र, उद्योग तथा व्यापार प्रवर्द्धन, वित्तीय क्षेत्रमा आमूल सुधार, सार्वजनिक संस्थानको प्रभावकारी व्यवस्थापन, सार्वजनिक वित्त व्यवस्थापन, राजस्व प्राप्ति र परिचालनको प्रभावकारितालगायतका विषयमा महालेखाले सरकारी निकायलाई दिएको सुझावको आगामी वर्ष सशक्त कार्यान्वयन हुनुपर्छ। यसै गरी महालेखाले दिएको सुझावअनुसार मुलुकमा आगामी दिनमा वैदेशिक सहायताको उचित प्रयोग र परिचालन हुनुपर्छ भने सार्वजनिक ऋण बढ्ने अवस्था आउन दिनुहुँदैन।

यस्तै सार्वजनिक खर्चमा मितव्ययिता, अनुदान व्यवस्थापनमा प्रभावकारिता, सार्वजनिक सम्पत्तिको व्यवस्थापनमा पनि सरकारी निकायले विशेष हेक्का गर्नुपर्छ । यस्तै गरी महालेखाले दिएका सुझावको थप विश्लेषण गर्दा हाम्रा सरकारी निकायले आयोजना व्यवस्थापन गर्दा आयोजनाको प्राथमिकीकरण गर्नुपर्ने, राष्ट्रिय गौरवका आयोजना तथा रुपान्तरणकारी आयोजनको बजेट सुनिश्चितता गर्नुपर्ने, मानव संसाधन व्यवस्थापनअन्तर्गत मागको आधारमा क्षमता विकासका कार्यक्रमहरु प्रभावकारीरुपमा सञ्चालन गर्नुपर्ने, निजामती प्रशासनमा सूचना प्रविधिलाई कार्यसम्पादनमा आबद्ध गरी सेवा प्रवाह छिटोछरितो, पारदर्शी बनाउनुपर्ने, सार्वजनिक सेवालाई विद्युतीय माध्यमबाट उपलब्ध गराई सेवा प्रवाह छिटो, छरितो र अनुमानयोग्य बनाउनुपर्ने, वित्तीय अनुशासनमा कडाइ गर्नुपर्ने, सरकारी सेवामा जवाफदेहिता र निष्ठा प्रवर्द्धन गर्नुपर्नेजस्ता कार्यहरु गर्न अब ढिलाइ गर्नुहुँदैन।

अब समय आएको छ- बेरुजु फस्र्यौट गर्ने, महालेखाको सुझावको प्रभावकारी कार्यान्वयन गर्ने, कार्यान्वयनको परिणामबाट मूल्यांकन गर्ने । यसो गर्न सकिएमा मुलुकमा सुशासनको जग बस्नेछ।

महालेखापरीक्षक कार्यालयले केहि समय अघि मात्रै आन्तरिक सुधारमा विशेष ध्यान दिदै आफ्ना कर्मचारीका बानी व्यहोरामा सुधार ल्याउन, समग्र कार्यालयको सुधार तथा लेखा परीक्षण गर्ने क्रममा हुने बद्मासी र त्रृटिहरु रोक्नका लागि विभिन्न पक्षबाट आउने गुनासा र सुझावको सम्वोधन गर्न र्‍यापिड रेस्पोन्स् टिम गठन गरेको भन्ने कुरा जानकारीमा आएको छ। सो टिमले प्रभावकारी रुपमा काम गर्दै प्राप्त सुझाव र गुनासोलाई समयमा नै सम्बोधन गर्न सक्नुपर्छ । यसो भएमा महालेखा परीक्षक कार्यालयको प्रभावकारीता नीकै बढेर जानेछ । महालेखाले मुलुक र समाजमा व्याप्त विकृति र विसंगतिका विरुद्ध आवाज बुलन्द गर्दै आइरहेको चौथो अंगको रुपमा रहेको सञ्चार क्षेत्रलाई पनि साथमा लिएर हिंड्न सक्नुपर्छ।

चौथो अंगले पनि मुलकका व्याप्त आर्थिक अराजकता न्यूनीकरण गर्न तथा विभिन्न खाले अनियमितताका घट्नाको पर्दाफास गर्ने विषयमा महालेखालाई निरन्तर सहयोग र साथ दिनुपर्छ। महालेखा आफैँमा नीकै संवेदनशील निकाय हो। यस्तो निकायका बारेमा सञ्चार जगतले पनि हचुवाका आधारमा नकारात्मक समाचारहर दिनु हुँदैन । यी दुई पक्ष नङ र मासुको सम्वन्ध जस्तै रहनुपर्छ र मुलुकमा सुशासन र आर्थिक मितव्ययीता कायम गर्न एकजुट भएर अघि बढ्नु पर्छ।

समाचार पत्रकाट

# गुजरटोलमा वर्षौंपछि सडक कालोपत्र

बाँके । कोहलपुर नगरपालिका-४ स्थित गुजरटोलमा एक सय ८० मिटर सडक कालोपत्र गरिएको छ । कोहलपुर नगरपालिका र स्थानीय पूर्वाधार सहयोग कार्यक्रमबाट रु २३ लाख ९६ हजार २१८ को लागतमा सो सडक कालोपत्र गरिएको हो ।

राप्तीसोनारी गाउँपालिका-९ स्थित अनमोल निर्माण सेवाले बैशाख २८ गते सम्झौता गरेर जेठ ३० गतेभित्र काम सम्पन्न गर्ने सम्झौता गरेको थियो। कोहलपुर नगरपालिका र स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको सहलगानीमा सञ्चालित गुजरटोलको बाटो कालोपत्र गर्ने कार्य सम्पन्न भएपश्चात् गुजर टोलवासीमा खुसी छाएको वडा नं. ४ का वडाध्यक्ष मुवारक अलि गुजरले बताए।

"खुसीको कुनै सीमा नै छैन, वर्षौंपछि धेरैपटक प्रयास गर्दा बल्ल सडक कालोपत्र भयो ।"-उनले भने ।

वडाध्यक्ष गुजरले अझैँ केही मिटर सडक कालोपत्र गर्न बाँकी रहेको जानकारी दिँदै बाँकी सडक नयाँ आर्थिक वर्षमा सम्पन्न हुने बताए। सडक कालोपत्र भएको सो बस्ती कोहलपुर बजारबाट साढे तीन किलोमिटर पश्चिममा पर्छ । यो एक सय ३० वर्ष पुरानो बस्ती रहेको वडाध्यक्ष गुजरले जनाए।

नगर क्षेत्रमा विकास निर्माण कार्य भएता पनि बजार क्षेत्रबाट नजिकै अवस्थित रैथाने मुस्लिम समुदायको बाक्लो बस्ती रहेको गुजर टोलमा सडकको विकास भएको थिएन । सो टोलको बाटो कच्ची भएकाले बर्खायाममा स्थानीय बालबालिकालाई विद्यालय आवतआवत गर्न असहज थियो।

सडक कालोपत्र भएपछि गुजरटोलको दुई सय र बेलनपुर बस्तीका एक हजार चार सय मुस्लिम समुदायका बासिन्दामा यातायातको सहजता भएको वडाध्यक्ष गुजरले बताए । नगरपालिका क्षेत्रमा अहिले १८ वटा सडक स्तरोन्नति तथा तटबन्धसम्बन्धी आयोजना निर्माणको काम भइरहेको छ। यस्ता योजनाले समावेशी विकास, दिगो पूर्वाधार र जनताको प्रत्यक्ष जीवनस्तरमा सुधार गर्ने दिशामा नगरपालिकालाई नयाँ उचाइमा पुर्‍याउने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मानबहादुर गिरीले जानकारी दिए।

# कालो चनाका फाइदै फाइदा

चना त हामी सबैले खाएकै छौं । चनाको छोले होस् अथवा चनाको दाल अथवा चनाको वेसनबाट बनेका परिकार नै किन नहुन्, हामीले प्रायः खाइरहेकै हुन्छौं । तर, के तपाईंको डाइटमा कालो चना समावेश छ त ? हजुर, भिटामिनहरुको खजाना हो कालो चना।



यो रेसादार हुन्छ, भिटामिनको साथै खनिजहरुले भरिपूर्ण हुन्छ र यसमा चिल्लोपना कम मात्रामा हुन्छ। यसलाई डाइटमा समावेश गर्नु तपाईंको स्वास्थ्यका लागि निकै नै फाइदाजनक सावित हुनेछ।

कालो चना खानाले क्लोरोफिल, भिटामिन बी, भिटामिन सी, भिटामिन डी तथा भिटामिने केका साथै फोस्फोरस, पोटासियम, ग्याग्निसियमको आवश्यकता पनि पूरा हुन्छ। यसबाहेक, यसको ग्लाइसेमिक इन्डेक्स पनि कम हुन्छ। कालो चनाले तपाईंले परफेक्ट बडी शेप पाउन सक्नुहुनेछ । कालो चनाको नियमित सेवनले मधुमेहमा नियन्त्रण आउनुका साथै शरीर समेत मजबुत हुनेछ।

कालो चनालाई तपाईंले शख्खरसँग खानुभयो भने अझैँ बढी फाइदाजनक हुनेछ । कालो चनाले हाम्रो शरीरमा उर्जा मिल्छ । खासगरी जाडो मौसममा मानिसहरु शख्खरसँग कालो चना खाने गर्छन् । कालो चना फाइबरले भरिपूर्ण हुन्छ। यसले पाचन प्रकृयालाई दुरुस्त गर्छ । राति पानीमा चना भिजाएर राख्नु पर्छ र बिहान त्यसलाई खानुपर्छ । त्यसो गर्नाले तपाईंलाई निकै नै फाइदा पुग्नेछ। कब्जियतको समस्या पनि टाढा हुन्छ। साथै जुन पानीमा चनालाई भिजाइएको हुन्छ । त्यो पानी समेत स्वास्थका लागि फाइदाजनक हुन्छ।

कालो चना एन्टिअक्सिडेन्ट, एन्थोसाइनिन, फाइटोन्यूट्रियन्ट्स तथा एएलएले भरिपूर्ण हुन्छ।

त्यसले मुटुको बिरामीहरुलाई टाढा राख्नुका साथै रक्त नलीहरुलाई स्वस्थ राख्नमा फाइदाजनक हुन्छ । साथै यसलाई फोलेट तथा म्याग्नेसियमको पनि राम्रो स्रोत मानिन्छ। जुन हार्ट एट्याक तथा स्ट्रोकको खतरालाई कम गर्नमा समेत सहयोगी मानिन्छ।

# दलित युवालाई सीप सिकाउँदै तमानखोला गाउँपालिका

ढोरपाटन । तमानखोला गाउँपालिकाले दलित समुदायका युवालाई आयआर्जनसँग जोड्न बाँसका सामग्री बनाउने तालिम दिन थालेको छ। गाउँमा पाइने बाँस तथा निगालेलाई उपयोग गरी युवालाई उद्यमी बनाउने उद्देश्यले तालिम दिन थालिएको हो ।

उच्च पहाडी क्षेत्रमा पर्ने तमानखोलामा पर्याप्त बाँस तथा निगालो पाइने हुँदा तालिमबाट सीप सिकेर त्यसलाई आयआर्जनको माध्यम बनाउन सकिने छ । बुढापाकाले वर्षौंदेखि परम्परागत रुपमा ढालो, नाङ्लो, डोरीलगायत सामग्री बनाएर प्रयोग गर्दै आए पनि बिक्री कम हुँदै आएको थियो ।

बजारमा बिक्ने सामग्री निर्माण गरेर युवालाई उद्यमी बनाउने उद्देश्यले तालिम दिइरहेको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले बताए ।

पालिकाले चालु आर्थिक वर्षमा विनियोजन गरेको रु चार लाख ७५ हजारले युवालाई तालिम दिएको उनले जानकारी दिए ।

ललितपुरबाट प्रशिक्षक झिकाएर १५ दिने तालिम दिइरहेको अध्यक्ष बुढा मगरले बताए। उनले भने-"बाँसबाट गाउँमा अहिले बुढापाकाले विभिन्न सामग्री बनाउने गर्नुहुन्छ, उहाँहरुले बनाए पनि घरायसी प्रयोजनका लागि मात्रै प्रयोग हुन्छ, बजारमा लगेर बिक्री गर्ने प्रचलन कम भएकाले पुस्ताले त्यसतर्फ केन्द्रित गर्न खोजेका छौं ।

## रवि...

उनीहरूलाई सहकारी ठगी र संगठित अपराधमा कसुरदार बनाइएको छ। यसअघि अनुसन्धानको क्रममा पनि रवि र छविलाई पोखराको सूर्यदर्शन सहकारी ठगीमा अनुसन्धान चलिरहँदा अन्य जिल्ला डुलाएर बयान गराइएको थियो । उनीहरूविरुद्ध पोखरा र बुटवलसँगै चितवनको सहारा चितवन, काठमाडौंको स्वर्णलक्ष्मी सहकारीमा पनि मुद्दा छ। बुटवलबाहेकका जिल्लाले दुवै जनालाई धरौटीमा रिहा गर्न आदेश दिएका थिए। त्यसविरुद्ध सरकारी वकिल कार्यालय उच्च अदालत गएको छ । तर उच्च अदालतबाट आदेश भइसकेको छैन।

यता रविले भने भैरहवा कारागारबाट काठमाडौंकै डिल्लीबजारस्थित कारागारमा सरुवा गर्न माग गरेका छन्। अदालत र प्रशासनले अनुमति दिइसके पनि कारागार व्यवस्थापन विभागले कुनै निर्णय नगरी अड्काएको छ । लामिछानेको पर्साको सानो पाइला बचत तथा ऋण सहकारी संस्थामा १ लाख रुपैयाँबराबरको सेयर रहेको दाबी प्रहरीको छ। आइतबार जिल्ला अदालतमा सरकारी वकिलले दायर गरेको अभियोग पत्रमा रवि लामिछाने सानोपाइला सहकारीमा कस्टमर आइडी ००१-०१५४६१ मार्फत् २०७८ साउन १८ गते सदस्य बनी सोही मितिमा उनको नाममा बचत खाता खोलेको उल्लेख छ।

जुन खातामा एक लाख रुपैयाँ सेयरबापत जम्मा गरी सोही मितिमा उनको नामको ऋणी खाता बनाई भोलिपल्ट १ करोड ५० लाख रुपैयाँ ऋण जारी गरिएको अभियोगपत्रमा उल्लेख छ। जसअनुसार, २०८२ साउन १८ गतेसम्मका लागि वार्षिक १२ प्रतिशतका दरले ब्याज भुक्तान गर्ने गरी उक्त ऋण लिएको अभिलेख फेला परेको छ।

खातामा उनको ठेगाना काठमाडौं उल्लेख रहेको तथा श्रीमती निकिता पौडेल र बुवा लालचन्द्र लामिछानेको नाम पनि लेखिएको छ।

उनको नाममा लगेको ऋण सोही दिन २०७८ साउन १९ गते गोर्खा मिडिया नेटवर्कमा जम्मा हुने गरी भुक्तानी भएको भेटिएको छ। गोर्खा मिडिया नेटवर्कको रवि लामिछानेसमेत सञ्चालक रहेकै ग्लोबल आइएमइ बैंकको खातामा जम्मा भएको छ ।रविले भने उक्त ऋणको बारेमा जानकारी नरहेको बताएका थिए।

रविले सहकारीबाट लिएको सावाँ रकम १ करोड ५० लाखको ब्याजसमेत जोड्दा २०७९ साउन ११ गते १ करोड ८६ लाख ९४ हजार ६०४ रुपैयाँ भएकोमा सहकारीलाई उनले एक पैसा नतिरेको र मिलेमतोमा उनको नामको ऋण गितेन्द्रबाबु (जीबी) राईको नाममा ट्रान्सफर गराएको आरोप छ।

यसबाट सहकारीको रकम अपचलनमा रविको गितेन्द्रबाबु राई र अन्य प्रतिवादीहरूसँग मिलेमतो देखिएको अभियोगपत्रमा उल्लेख छ।

रविले डेढ करोड ऋण लिएको तथ्य सहकारीको कम्प्युटरमा पनि फेला परेको र उनले आफ्नो वास्तविक ठेगाना उल्लेख नगरी बागमती, काठमाडौं मात्रै लेख्न लगाई आफ्नो ठेगाना लुकाउन खोजेको आरोप पनि सरकारी पक्षको छ।

आफ्नो खातामा अस्वाभाविक रूपमा रकम जम्मा हुँदा र उक्त रकम आफैंले हस्ताक्षर गरेका चेकहरूमार्फत बारम्बार भुक्तानी दिँदासमेत उक्त रकमको स्रोतको बारेमा अनभिज्ञता प्रकट गर्नु बदनियतपूर्ण देखिएको अभियोगपत्रमा भनिएको छ। छविलाल जोशीले बयान गर्दा पनि कम्पनीको आर्थिक कारोबार रवि र जीबीले गरेको बताएका थिए । यसबाट रवि कम्पनीको कर्मचारी नभई कम्पनी सञ्चालनमा सक्रिय भूमिकामा रहेको अनुसन्धानको निष्कर्ष छ।

यी आधार देखाउँदै रविको व्यक्तिगत र गोर्खा मिडियामा गएको अन्य रकमसमेत गरी उनलाई ११ करोड ५६ लाख ९४ हजार रुपैयाँ बिगो कायम गरिएको छ ।रवि लामिछानेको हकमा व्यक्तिगत १ करोड ४७ लाख ४८ हजार र सामूहिक दायित्वको बिगो ३ करोड २ लाख ३२ हजार ६६६ रुपैयाँ उल्लेख छ । यस्तै सहकारी संस्थाको मौज्दात हुनुपर्ने रकममा समेत उनलाई प्रतिवादी बनाइएको छ। सानो पाइलामा बुझाउनुपर्ने रकममा रविले ५ करोड ७४ लाख ३० हजार ३ सय ३३ थप बिगो कायम गरिएको छ।

उनीहरूलाई सहकारी ऐन, २०७४ र संगठित अपराध निवारण ऐन, २०७० अनुसार सजाय माग गरिएको छ।

## अर्जुनचौपारीले...

पर्यटन, ग्रामीण सडकलाई प्राथमिकतामा राखेर वितरणमुखी कार्यक्रमभन्दा आवश्यकतालाई सबैभन्दा बढी जोड दिनेगरी नीति तथा कार्यक्रममा अध्यक्ष तिवारीले जोड दिएका छन् । गाउँपालिकावासीहरूले अनुमोदन गरेको कार्यकालको तेस्रो वर्ष सफलतापूर्वक पूरा गरी तीनवर्षको अवधिमा वितरणमुखी कार्यक्रमहरू, अनावश्यक संरचना निर्माण र फजुलखर्चलाई नियन्त्रण गरी बचत भएको स्रोतलाई शिक्षा, स्वास्थ्य र पूर्वाधारजस्ता दीर्घकालीन महत्वका क्षेत्रहरुमा लगानी गर्दा सकारात्मक परिणाम आएको सबैका सामु स्पष्ट भएको अध्यक्ष तिवारीले उल्लेख गरेका छन्। आन्तरिक राजस्व १६ प्रतिशतले वृद्धि भएको र वित्तीय अनुशासनकै कारण लिजा साथै एफआए, स्थानीयतह संस्थागत क्षमता स्वमूल्याङ्कन, स्थानीयतह वित्तीय सुशासन जोखिममा पहिलो हुन सफलता मिलेको उल्लेख गरिएको छ । गाउँपालिकाको सेवा प्रवाहलाई अझैं नागरिकको पहुँचमा पुऱ्याउन सहजता प्रदान गर्ने नीति अगाडि सारिएको छ।

स्थानीय जडीबुटीको महत्व उपयोग गरी आगामी वर्ष पालिकास्तरमै आयुर्वेद औषधीको उत्पादन, आयुर्वेद गाउँघर क्लिनिक,योगतथानागरिक आरोग्य कार्यक्रममार्फत् नागरिकमा प्रतिरोधात्मक क्षमताको अभिवृद्धि लक्ष्य, तीनलाख पर्यटक भित्र्याउने गड्यौली खोलामा निर्माणाधिन म्याथ म्याटिकल र बोटानिकल पार्कलाई विद्यार्थीहरुको शैक्षिक गन्तव्यका साथ साथै पिकनिक स्पटको रुपमा व्यवस्थित गर्ने, नेपालकै पहिलो नवग्रह मन्दिर, साउन्ड हिलिङ सेन्टर र थाप्ले खेल मैदानलाई पूर्वाधार विस्तार, सशक्त प्रवर्धन, स्तरीय सेवा र स्थानीय संलग्नतामार्फत् पालिकाका प्रमुख पर्यटकीय गन्तव्यको रूपमा स्थापित गर्ने नीति तथा कार्यक्रममा पालिकाले समेटेको छ।

प्रथम वर्षमा विद्यार्थी र आन्तरिक तथा बाह्य गरी कम्तिमा तीनलाख पर्यटक भित्राउने गरी प्रचारात्मक र प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने र जलवराह धार्मिक वन क्षेत्रलाई नेपालकै उत्कृष्ट धार्मिक पर्यटनको गन्तव्यको रुपमा विकास गर्ने लक्ष्य पालिकाका रहेको छ। आगामी वर्ष अर्जुनचौपारी गाउँपालिकामा प्रथम पटक खनिजको उपलब्धताका सम्बन्धमा अनुसन्धान, खनिज पदार्थको पहिचान र उत्खनन् कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गरी खनिज सम्पदाको दिगो, पारदर्शी र उत्तरदायी व्यवस्थापनमार्फत् गाउँपालिकाको आर्थिक समृद्धि र जनजीविकामा गुणात्मक परिवर्तन ल्याउने गरी अध्ययनको थालनी गर्ने कार्यक्रम नीति तथा कार्यक्रममा समेटिएको छ।

सबै वडा कार्यालयलाई पालिका केन्द्रसँग पक्की सडकले जोड्ने प्रतिबद्धता अनुरूप आगामी वर्ष सबै वडामा कालोपत्रे पुऱ्याउने लक्ष्य लिएको छ । आगामी वर्ष कम्तिमा दुई वटा वडालाई बालमैत्री घोषणा गरी बालमैत्री, पोषणमैत्री एवम् अपाङ्गमैत्री पूर्वाधार तथा संरचनाको निर्माण गरिने उल्लेख गरिएको छ।

'साझा प्रतिबद्धता, साझा जिम्मेवारी–हामी सबैको सपना समुन्नत अर्जुनचौपारी' भन्ने नारालाई आत्मसाथ गरेर पालिकाको बृहत् विकासमा सबैको सहयोगको अपेक्षा पालिका अध्यक्ष तिवारीले पेश गरेको नीति तथा कार्यक्रममा उल्लेख गरेका छन् । असार १० गते सम्म नीति तथा कार्यक्रम ल्यानुपर्ने नीति अनुरुप यो पालिकाले असार २ गतेबाट अधिवेशन सुरु गरेको थियो। अर्जुनचौपारी गण्डकीमै पहिलो नीति तथा कार्यक्रम ल्याउने पालिका समेत हो।

**भूमिसुधार तथा मालपोत कार्यालय भैरहवाबाट जारी भएको दोहोरो बदर हकदावी सम्बन्धी ३५ दिने सूचना**

**सुचना। सुचना॥ सुचना॥।**

(सूचना प्रकाशन मिति २०८२/०३/०५)

जिल्ला रुपन्देही साविक हर्नेया गाविस वडा नं. २ हाल सियारी गाउँपालिका वडा नं. ३ बस्ने जोखु अहिरको नाती सुर्ती अहिरका छोरा बृजलाल अहिरले निजको जोतभोग रहेको सियारी गा.पा. वडा नं. ३ को च.न. १६१३ मिति २०८२/०२/२० को सिफारीस साथ मैले र.नं. ८२ मिति २०३५/०१/०७ मा चन्द्रिका थारुबाट खरिद गरी लिएको जिल्ला रुपन्देही साविक गाविस हर्नेया वडा नं. २ ख कि.नं. ८३ ज.वि. ०-२-१२ को जग्गा जिल्ला पाल्पा दोभान गाविस वडा नं. ५ बस्ने दुर्गा बहादुरको बुहारी प्रेम बहादुर लामिछानेको श्रीमति सुलोचना लामिछानेसँग दोहोरो परेकोले सो विषयमा छानविन गरी दोहोरो हटाई भनी यस कार्यालयमा द.नं. ३०९२७ मिति २०८२/०२/२७ मा निवेदन दिनुभएकोमा विषयमा माग निवेदन बमोजिम गर्दा अन्य कसैको व्यक्तिगत/सार्वजनिक हकदैयामा असर पर्ने तथा गर्न नमिल्ने भए यो सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफैं वा वारेस मार्फत हकदावी गर्नका लागि सरोकारवालामा अनुरोध छ। म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने, व्यहोरा सवैमा अनुरोध छ।

**इति सम्बत् २०८२ साल ०३ महिना ०४ गते रोज ०४ शुभम्।**

# बाकामलाङमा अस्थायी प्रहरी पोष्ट स्थापना




**बासुदेव ढकाल**
*रामपुर (पाल्पा)*

कालीगण्डकी करिडोरको शान्ति सुरक्षा, सवारी दुर्घटना न्यूनीकरण, चोरी निकासी तथा अवैध गतिविधि नियन्त्रणका लागि करिडोरमा पर्ने निस्दी गाउँपालिकाको बाकामलाङ्ग खण्डको भोटाहामा प्रहरी चौकी स्थापना भएको छ।

८८८औं अस्थायी प्रहरी चौकीको रुपमा बाकामलाङ प्रहरी चौकी स्थापनाको अवसरमा पाल्पाका प्रमुख जिल्ला अधिकारी तोयानारायण सुवेदीले शान्ति सुरक्षा कायमसंगै कालीगण्डकी करिडोर भएर हुन सक्ने चोरी निकासी एवं अवैध गतिविधि नियन्त्रण गर्न, सवारी दुर्घटना न्यूनीकरण गर्न प्रहरी चौकी स्थापना गरिएको बताए । प्रहरी चौकी समुदायको हितको लागि स्थापना गरिएको र यसले दुई जिल्लाको सिमा क्षेत्र भएर हुन सक्ने अवैध गतिविधि नियन्त्रणका लागि सहज हुने उनले स्पष्ट पारे।

जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रमुख प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले अस्थायी प्रहरी चौकीमा प्रहरी सहायक निरीक्षकको नेतृत्वमा ६ जना प्रहरीले निस्दी गाउँपालिका वडा नं. १ र २ का जनतालाई सेवा दिने बताए।

निस्दी गाउँपालिकाका अध्यक्ष मुक्तबहादुर सारुले प्रहरी चौकी स्थापनासंगै स्थानीयको वर्षौंदेखिको सपना पूरा भएको जनाए । पालिकाले चौकी सञ्चालनका लागि आवश्यक साथ र सहयोग गर्ने उनले जानकारी दिए।

निस्दी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मदन अर्यालले लुम्बिनी प्रदेशको सुदुरपूर्वको निस्दीको बाकामलाङमा चौकी स्थापनासंगै यस क्षेत्रमा हुने नदीजन्य सामग्रीको चोरी निकासी नियन्त्रण गर्न, विकास निर्माणमा सहज वातावरण निर्माण गर्न र शान्ति सुरक्षामा सहयोग पुग्ने विश्वास व्यक्त गरे।

निस्दी-१ का निवर्तमान वडा अध्यक्ष पूर्णबहादुर खाँणले विगत लामो समयको प्रयास पछि चौकी स्थापना भएको बताउँदै शान्ति सुरक्षा कायम गर्न महत्व पूर्ण योगदान दिने विश्वास व्यक्त गरे । नेपाल पत्रकार महासंघ पाल्पा शाखाका उपाध्यक्ष बन्दना पोखरेलले शान्ति सुरक्षा कायमसंगै अन्य गैरकानुनी गतिविधि रोक्नका लागि प्रहरी प्रतिबद्ध भएर लाग्नेछ भन्नेमा विश्वस्त रहेको बताइन्।

घरमा सञ्चालन रहेको चौकी व्यवस्थापनका लागि गाउँपालिको आवश्यक सहयोग गरेको थियो । कार्यक्रममा निस्दी गाउँपालिकाका अध्यक्ष मुक्तबहादुर सारुले बाकामलाङ प्रहरी चौकीका प्रमुख प्रहरी सहायक निरीक्षक प्रेमदेव गिरीलाई मोटरसाइकलको साँचो समेत हस्तान्तरण गरेका थिए।

जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रमुख प्रहरी उपरीक्षक पवन कुमार भट्टराईको अध्यक्षतामा भएको कार्यक्रम निस्दी १ का वडाध्यक्ष यमबहादुर रानाको स्वागत र जिल्ला प्रहरी कार्यालय पाल्पाका सहायक निरीक्षक हुमकला राना मगरको सञ्चालनमा भएको हो।

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक प्रकाशित मिति - २०८२/०३/०५

यस सामुदायिक बन उपभोक्ता समुहको वनबाट उत्पादन भई शितगंगा २ पोखरी भन्ने स्थानमा घाटगद्दी गरी राखिएको साल जातको काठ ७७७.२७ क्यू. फि., अन्य जातको १४६.८० क्यू. फि. र साल दाउरा ०.५० चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि बिस्तृत जानाकारीको लागि यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सुचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सुचना पाटीमा, डिभिजन वन कार्यालय अर्घाखांचीमा र अर्घाखांची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ।

**श्री बग्यार रानीबासे झाके सामुदायिक वन उपभोक्ता समुह**
शितगंगा न.पा. २ अर्घाखाँची

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक प्रकाशित मिति - २०८२/०३/०५

यस सामुदायिक बन उपभोक्ता समुहको बनबाट उत्पादन भई शितगंगा १२ पिरापानीमा घाटगद्दी गरी राखिएको साल जातको काठ १२८२.५१ क्यू. फि., अन्य जातको ५०७.७९ क्यू.फि. साल दाउरा ६.५० चट्टा र अन्य दाउरा १.०० चट्टा जे जस्तो अबस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनिले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्वन्धि विस्तृत जानाकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सुचना यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयको सुचना पाटीमा, डिभिजन वन कार्यालय अर्घाखाँचीमा र अर्घाखांची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ।

**श्री बेलघारी सामुदायिक वन उपभोक्ता समुह**
शितगंगा न.पा. १२ अर्घाखांची

**गण्डकी प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास तथा यातायात ब्यवस्था मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**
**गण्डकी प्रदेश**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मिति २०८२/०३/०५)

यस कार्यालयबाट मिति २०८२।०२।२५ मा राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सुचना वमोजिम बिभिन्न देहाय बमोजिमको ठेक्कामा E–GP system (www.bolpatra.gov.np/egp) मार्फत पेश हुन आएका बोलपत्रहरू मध्ये तपसिलमा उल्लेखित बोलपत्र न्यूनतम मुल्याङ्कित सारभुत रूपमा प्रभाबग्राही भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदातालाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.स. | कार्यको विवरण | छनोट भएका बोलपत्रदाता | कबोल रकम (मु.अ.क. र पि.एस. समेत) NRs |
|---|---|---|---|
| 1 | Dhambeshi maitar dekhi okhle kotdhar sadak starunnati, Bulingtar 1, Contract ID: IDO-NAW(BSE)-W-NCB-60-2081/82 | Jay deurali Nirman Sewa, Sainamaina 2 Rupandehi | 17078341.70 |

कार्यालय प्रमुख

**बुटवल उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
बुटवल, रुपन्देही।

**बोलपत्र स्वीकृतिको आशयपत्र सम्बन्धी सूचना**

(सूचना प्रकाशन मिति :-२०८२/०३/०५)

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट मिति२०८२।०१।१९ मा दोस्रो पटक प्रकाशित देहायको कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसा e-GP प्रणाली मार्फत म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र स्वीकृत हुने प्रक्रियामा रहेको हुंदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| ठेक्का नं. | कामको विवरण | ठेक्का कबोल गर्ने फर्मको नाम ठेगाना | कबोल अंक भ्याट सहित रु. |
|---|---|---|---|
| 48/081-82/ BSMC/Works/ NCB | बुटवल उपमहानगरपालिकाका बाँकी विभिन्न स्थानमा विज्ञापन डिस्प्ले र हाइमास्ट लाईट आपूर्ति तथा जडान कार्य। | श्री त्रिसन्ध्या- मार्क जे.भी., काठमाडौं। | २,५४,४७,४६१।१७ |

बुटवल उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



बेलहिया नाका हुँदै नेपाल भित्रिंदै गरेको मेसिनरी सामानसहितको भारतीय मालवाहक गाडी। गाडीको क्षमता र क्षेत्रभन्दा बढी सामान बोकेर हिंड्दा दिनानुदिन सडक र पुल जीर्ण हुँदै गएका छन् भने दुर्घटना पनि उत्तिकै हुने गरेका छन्।

तस्विरः मोहम्मद हबिब/भैरहवा।

# लुम्बिनी केबलकारमा घोडचढी सुरु



बुटवल। लुम्बिनी केबलकारको माथिल्लो स्टेशन बसन्तपुरमा घोडचढी सुरु भएको छ। घोडचढी सेवाको केबलकारका सञ्चालक लक्ष्मण गौतमले उद्घाटन गरेका छन्। पर्यटकलाई नयाँ नयाँ सुविधा दिने उद्देश्यले घोडचढी सेवा शुरु गरेको केबलकारका व्यवस्थापक प्रज्ज्वल घिमिरेले बताए।

केबलकारको माथिल्लो स्टेशन भवन परिसरबाट कामाख्यादेवी मन्दिर परिसरसम्मको एकतर्फी दुई सय रुपैयाँ र दुईतर्फी ४ सय रुपैयाँ शुल्क कायम गरिएको व्यवस्थापक घिमिरेले बताए।

२०८० जेठ १५ देखि व्यवसायिक सञ्चालनमा आएको केबलकारको माथिल्लो स्टेशनमा प्रख्यात शक्तिपीठ कामाख्या देवीको मन्दिर, सय वर्षदेखि पूजा हुँदै आएको दुर्गा माता मन्दिरसँगै जीपलाइन, स्काई साइक्लिङ, आधुनिक पिङ, बाल उद्यान, भ्यू प्वाइन्ट, रेष्टुराँ, सेमिनार हललगायत पर्यटकीय संरचना छन्। यी पर्यटकीय पूर्वाधारले केबलकार सञ्चालनको दुई वर्षमै बसन्तपुर आकर्षक पर्यटकीय गन्तव्य बनेको छ।

बुटवल-३ बमघाटमा तल्लो स्टेशन र पाल्पाको तिनाउ गाउँपालिका ३ बसन्तपुरमा माथिल्लो स्टेशन रहेको केबलकारले रुपन्देही र पाल्पालाई जोडेको छ। तल्लो स्टेशनबाट केबलकार चढेको १२ मिनेटमै बसन्तपुर पुग्न सकिन्छ।

समुन्द्री सतहबाट करिब एक हजार मिटर उचाईमा रहेको बसन्तपुरमा स्वच्छ , शान्त र रमणीय वातावरण छ। बसन्तपुरमा तराईका ठाउँभन्दा ७ देखि १० डिग्री सेल्सियस कम तापक्रम हुने भएकाले गर्मी मौसममा शीतल र जाडो याममा घाम लागेर न्यानो हुने भएकाले पर्यटकको लागि जुनसुकै मौसममा रोजाइको थलो बनेको छ।

अहिले बसन्तपुर सेलिब्रेटी कलाकार, खेलाडी, सबैजसो दलका नेता घुम्न आउनेदेखि विवाह गर्ने र म्युजिक भिडियो सुटिङ गर्ने थलो बनेको अपरेसन म्यानेजर डिएन कायस्थ सैंजूले बताए।

केबलकारले जन्मदिनमा निःशुल्क यात्रा, हरेक महिनाको १ गते साँझ महाआरती अफर, ५० जनाभन्दा बढी समूहमा आउनेलाई विशेष छुट अफरलगायत विभिन्न संघसंस्थासंग टिकट दरमा छुटको सम्झौता गरी बजार प्रवर्द्धन गरिरहेको सैंजूले बताए।

अष्ट्रियाको विश्व विख्यात डुपलमायर कम्पनीबाट बनेको लुम्बिनी केबलकार २ किलोमिटर ६ सय मिटर लामो रहेको छ। २५ वटा गोन्डला रहेको केबलकारले दैनिक ६ हजार पर्यटक आवतजावत गराउन सक्छ।

विश्वका विभिन्न देशमा सय वर्षदेखि १५ हजार बढी संख्यामा सञ्चालनमा रहेको यो केबलकारको प्रविधि विश्वमै अत्याधुनिक र सुरक्षित रहेको अपरेसन म्यानेजर डीएन कायस्थ सैंजू बताउँछन्।

केबलकार र पाँचतारे होटेलसहित कुल लागत ५ अर्ब रुपैयाँ लागतको आयोजनाअन्तर्गत दुई वर्षभित्र साढे तीन अर्ब लगानीमा बसन्तपुरमा एकसय ५० कोठा, एक हजार जना क्षमताको बैंक्वेट हल, क्यासिनोसहित पाँचतारे होटेल बनाउने प्रकृया अघि बढेको छ।

# मध्यविन्दु प्रादेशिक अस्पतालले अझैं पाएन जग्गाको भोगाधिकार



**रामकुमार श्रेष्ठ**
*नवलपुर*

नवलपुरको मध्यविन्दु प्रादेशिक अस्पतालले एक सय शैयाको स्वीकृत पाएसँग अस्पताल ९८ शैयामा सञ्चालनमा आएको छ। यहाँ अधिकांश डाक्टर विशेषज्ञ सेवासहितका डाक्टरहरु पनि आएका छन्। अहिले नयाँ भवन निर्माण भएसँग नयाँ भवनबाट सेवा सुरु पनि गरिएको छ, तर अस्पतालले अझैं जग्गाको भोगाधिकार पाउन सकेको छैन। जग्गा भोगाधिकारको फाइल अहिले वन मन्त्रालयमा अड्किएको छ।

डिभिजन वन कार्यालय नवलपुरका प्रमुख वसन्त केशव अधिकारीले मध्यविन्दु अस्पतालको जग्गा भोगाधिकारको फाइल मन्त्रालयमै अड्किएको र फाइल बोकेर हिंड्ने सम्बन्धित व्यक्ति नहुँदा फाइल अड्किएर बसेको बताए।

नवलपुरको मध्यविन्दु प्रादेशिक अस्पतालले एक सय शैयाको दरबन्दी स्वीकृत आएको छ। अहिलेसम्म १५ शैयाको दरबन्दी स्वीकृत भएर ८० शैयामा सञ्चालित मध्यविन्दु प्रादेशिक अस्पताल एक सय शैयाको दरबन्दी स्वीकृत आएसँग अस्पतालमा एक सय शैया सञ्चालनमा आएको छ। समुदायस्तरमा धनधान्याञ्चल ज्ञान महायज्ञ गरेर संकलित रकमबाट २०६४ साल २९ मंसिरमा सामुदायिक स्मृति अस्पतालको रुपमा ५५ शैयाको स्वीकृति पाएर सञ्चालनमा आएको मध्यविन्दु अस्पताललाई गण्डकी प्रदेश सरकारले २०७५ साल २८ फाल्गुनमा स्वामित्व ग्रहण गर्दै जिल्ला अस्पतालको रुपमा सञ्चालनमा आएको हो। ५५ शैयाको स्वीकृत पाएर सञ्चालनमा आएको अस्पताल जिल्ला अस्पतालमा रुपान्तरण हुँदा १५ शैयाको मात्र सैद्धान्तिक स्वीकृत पाएको थियो। तथापि यो अस्पताल १५ शैयाको भए पनि ८० शैयामा सञ्चालनमा रहेको थियो।

पछि गण्डकी प्रदेश सरकारको २०८१ पुस ९ गतेको बैठकले अस्पताललाई स्तरउन्नति गर्दै प्रादिशिक अस्पतालको रुपमा सञ्चालन गर्ने निर्णय गर्‍यो। जिल्ला अस्पतालबाट प्रादेशिक अस्पतालको रुपमा सञ्चालनमा आएपनि यसको स्वीकृत दरबन्दी भने अझैं १५ शैयाकै रहेको थियो।

त्यसैगरी पछिल्लो पटक २०८२ साल जेठ १२ गतेको निर्णयअनुसार यस अस्पताललाई प्रदेश सरकारले १ सय शैयाको रुपमा स्तरोन्नति गरेको छ। अस्पतालले १ सय शैयाको स्वीकृत पाउना साथ अस्पताललाई ९८ शैयामा सेवा सञ्चालन सुरु भइसकेको छ।

अस्पतालको संरचना छ। दरबन्दी छ। १ सय शैंयाको अनुमति छ तर अस्पताल भएको जग्गाको भने अझै अस्पतालले भोकाधिकार पाउन सकेको नसकेको मध्यविन्दु प्रादेशिक अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रमेश आचार्यले बताए।

यता मध्यविन्दु प्रादेशिक अस्पतालका अध्यक्ष बालकृष्ण घिमिरेले प्रदेश सरकारबाट १० हेक्टर बढी जग्गा भोगाधिकारलाई आवश्यक रहेको भन्दै निर्णय भएर संघीय सरकार पुगेको बताए। उनले भने -'म आफैं मन्त्रालय जाँदै छु। मेरो कार्यकाल सकिंदै गर्दा जग्गा भोगाधिकारको काम सक्नेछु।

अस्पताल १० दशमलब ५ हेक्टर क्षेत्रफलमा फैलिएको छ। पछिल्लो समय गण्डकी प्रदेश सरकारले अस्पताललाई जग्गा भोकाधिकार दिनका लागि संघीय सरकार समक्ष सिफारिस पनि गरेको छ, तथापि अस्पतालको नाममा अहिले एक हेक्टर जग्गा पनि छैन, जसले गर्दा अस्पताललाई अन्य दातृ निकायबाट पाउन सकिने अनुदान तथा सहयोगमा समेत समस्या भएको छ।

# जनचेतनाबाटै बालविवाह र आत्महत्या न्यूनीकरण



**कृष्ण पोखरेल**
*पाल्पा*

पाल्पाको विभिन्न क्षेत्रमा अझैं पनि प्रशस्त मात्रामा बालविवाह भएको पाइन्छ। विशेषगरी मगरी समुदायमा बालविवाहको प्रचलन अझैं पनि कायम रहेको देखिन्छ। बालविवाहको प्रहरी तथा वडा कार्यालयमा उजुरी नपरे पनि गर्भवती भई स्वास्थ्य संस्थामा पुगी गर्भ परीक्षण गर्नेको संख्या प्रशस्त देखिन्छ। समुदायस्तरमै जनचेतना बढाएर बालविवाह र आत्महत्या न्यूनीकरणको लुम्बिनी प्रदेश सरकारले जनचेतना अभियान चलाएको छ। लुम्बिनी प्रदेश सरकारले सन २०३० भित्र १०९ वटै पालिकामा बालमैत्री स्थानीय शासन लागू भएको पालिका घोषणा गरी समग्र लुम्बिनीलाई बालविवाह मुक्त भएको प्रदेश घोषणा गर्ने रणनीतिका साथ काम गर्दै आएको छ। लुम्बिनी प्रदेश सरकार सामाजिक विकास डिभिजन कार्यालयको सहयोग, पाल्पाविकास केन्द्रको आयोजना र पूर्वखोला गाउँपालिकाको समन्वयमा बालविवाह तथा आत्महत्या न्यूनीकरणसम्बन्धी दुई दिने सचेतना कार्यशाला कार्यक्रम भएको हो।

जनचेतना कार्यक्रममा पालिका अध्यक्ष नुनबहादुर थापाले मगरी समुदायमा अझैं पनि बालविवाह चलनचल्ती रहेको बताए। पहिले, पहिले बाबु आमाले नै बालविवाह गराउँथे, तर आजकल बाबु आमा सचेत भएका छन्, तर केटा केटी मोबाइलको कारण विद्यालयमा पढ्दा पढ्दै भागेर लुकिछिपि बालविवाह गर्ने गरेको पालिका अध्यक्ष थापाले बताए। बालविवाह गर्दा दुबै पक्षको भविष्य अन्धकारमा धकेलिने, आर्थिक समस्याका कारण घर झगडा बढ्ने, भनेजस्तो नभएपछि डिप्रेसनमा जाने र आत्महत्याको बाटो रोज्ने अवस्थालाई रोक्न जनचेतना अभियान जरुरी रहेको पालिका अध्यक्ष थापाले जोड दिए।

पालिका उपाध्यक्ष भागिरथी शर्मा भट्टराईले सानै उमेरमा विवाह हुँदा, पढाइ कमजोर हुने, कलिलै उमेरमा बच्चाको आमा बन्ने, कम उमेरमै पारिवारिक बोझले सताउने, समय-समयमा स्वास्थ्य समस्या हुने जस्ता समस्याले आत्महत्यासम्मको घटना हुने भएकोले निरन्तरको जनचेतनाबाटै बालविवाह र आत्महत्या न्यूनीकरण गर्न सकिने बताइन्।

कार्यक्रममा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सुन्दरप्रसाद श्रेष्ठले पालिकाभित्र लुकि छिपी भइरहेका बालविवाहलाई न्यूनीकरण गर्न कार्यक्रमले सहयोग पुग्ने बताए। कार्यक्रममा कानुन व्यवसायी नारायण ज्ञवाली, प्रहरी सहायक निरीक्षक रमेशबहादुर कुँवर, पाल्पा विकास केन्द्रका कार्यवाहक कृष्ण गहतराज, कार्यक्रम संयोजक किरण कौशललगायतले सहजीकरण गरेका थिए। कार्यक्रम वडा नं. ५ का वडाध्यक्ष विष्णुकुमार पल्लीको अध्यक्षतामा भएको थियो। कार्यशालामा वडा नं. १ सिलुवा, वडा नं.५ विरकोट र वडा नं. ६ हेक्लाङ्गका शिक्षक, विद्यार्थी, वडा सदस्य, टोल विकास संस्थाका प्रमुख तथा प्रतिनिधि, महिला स्वयम्सेविका, समाजका अगुवाको सहभागिता रहेको थियो।

# काठमाडौं नगरप्रहरी प्रमुखलाई निलम्बन नगर्न आदेश

बुटवल। उच्च अदालत पाटनले काठमाडौं महानगरपालिकाको नगरप्रहरी प्रमुख राजुनाथ पाण्डेलाई निलम्बन गर्ने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको छ।

बुधबार न्यायाधीश ऋषि राजभण्डारी र डिल्लीरत्न श्रेष्ठको इजलासले पाण्डेलाई निलम्बन गर्ने आदेश कार्यान्वयन नगर्न आदेश दिएको हो।

'व्यक्तिलक्षित केही पनि थिएन। प्रमुखको आदेशले कर्तव्य पूरा गरेको थिएँ,' उनले भने-'निलम्बन गरेर ममाथि अन्याय भयो भनेर निवेदन दिएको थिएँ, अदालतले न्याय दियो, धन्यवाद।'

'२०८२ जेठ २० गते को निलम्बन गरिएको पत्र कार्यान्वयन नगरी यथास्थितिमा राखी निवेदकलाई निजको पदमा रही कामकाज गर्न दिनू/दिलाउनू भनी उच्च अदालत नियमावली नियम ४२ (१) बमोजिम विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी गरी दिइएको छ।'- आदेशमा उल्लेख छ।

आफूलाई पदबाट निलम्बन गर्ने महानगरका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरगाईंको निर्णयविरुद्ध गुरागाईंले गएको जेठ २५ गते उच्च अदालत पाटनमा रिट दायर गरेका थिए।

पाण्डेले काठमाडौं महानगरपालिकाका प्रमुख, उपप्रमुख, प्रशासकीय अधिकृत सरोज गुरागाईं, महानगर प्रहरी बल निमित्त प्रमुख विष्णु जोशी, नगर कार्यपालिका कार्यालयलाई विपक्षी बनाएर रिट दायर गरेका थिए।

गत चैत २१ गते गुरागाईं कार्यालयमा हाजिर हुन जाँदा पाण्डेकै नेतृत्वमा रहेको नगर प्रहरीको टोलीले अवरोध गरेको आरोपमा उनीमाथि गुरागाइँले कारबाही अघि बढाएका थिए।

महानगरले उक्त घटनाबारे छानबिन गर्न प्रशासन प्रमुख ध्रुव काफ्लेको नेतृत्वमा जाँचबुझ समिति पनि गठन गरेको थियो।

काठमाडौं भ्यू टावरको नक्सा पास विवादपछि बिदामा बसेका गुरागाईं महानगरमा हाजिर हुन जाँदा विवाद भएको थियो। उपप्रमुख सुनीता डंगोलको नेतृत्वमा गुरागाईं हाजिर हुन भनेर महानगर पुगेका थिए। उनलाई महानगरको नगर प्रहरी बलले कार्यालय प्रवेशमा अवरोध गरेको थियो।

# कोदो र मकैखेती छाडेर किबीखेतीमा आकर्षण बढ्दै

गुल्मी। सत्यवति गाउँपालिका-८ भार्षेका यमबहादुर थापा यतिबेला व्यावसायिक रुपमा किबीखेती गरेर राम्रो आम्दानी गर्न थालेका छन्। परम्परागत रुपमा कोदो र मकै उत्पादन हुँदै आएको उनको बारी यतिबेला किबीका बोटले ढपक्कै ढाकेको छ। उनले किबीखेती गरेर वार्षिक रु ६ लाखभन्दा बढी आम्दानी गर्दै आएका छन्।

थापा कृषक मात्र नभएर जनप्रतिनिधि पनि हुन्। सत्यवती-८ का सदस्य थापाले गत ११ वर्षदेखि किबीखेती गर्न सुरु गरेका हुन्। उनले आठ रोपनी जग्गामा किबीखेती गर्दै आएका छन्। उनको बारीमा यलिसन, हेवार्ड, रेड, गोल्डेन, ब्रुनो, मोन्टी र रेड गरी ६ जातका किबीका बिरुवा छन्।

जलवायु र भौगोलिक संरचनाको हिसाबले भार्षे किबीखेतीका लागि उपयुक्त ठाउँ मानिन्छ। उनले गत वर्ष रु चार लाखको किबी र रु दुई लाखको किबीका बिरुवा बिक्री गरेको बताए। तीन वर्षबाटै किबीले उत्पादन दिन थालेपछि थापालाई किबीखेती गर्ने उत्प्रेरणा जागेको हो।

एउटै बोटमा ५० देखि एक क्वीन्टलसम्म किबी फल्ने गरेको छ। उनको बारीमा अहिले एक सय ५० किबीका बोट रहेका छन्। सुरुमा थापाले तार, पाइप र खम्बा बनाउनका लागि रु आठ लाख खर्चेर व्यावसायिक रुपमा किबीखेती गर्न सुरु गरेका हुन्।

"त्यही लगानीले अहिलेसम्म काम गरेको छ, यो बहुवर्षीय भएका कारण एक पटक लगाएपछि ५० वर्षसम्म आम्दानी लिन सकिन्छ, त्यसैले यसैमा रमाएको छु।"-उनले भने। किबीमा अन्य जातका फलफूलमा भन्दा रोग खासै नलाग्ने भएको उनले बताए। "वर्षमा दुई पटक हाँगा काटछाँट गर्नुपर्छ, गोठे मल मात्र प्रयोग गर्दै आएको छु, त्यसैअनुसार उत्पादन पनि राम्रो हुँदै गएको छ।"-थापाले भने।

उनले उत्पादन गरेको किबी बजारमा रु दुई सयदेखि रु तीन सयसम्ममा बिक्री हुने गर्दछ। भार्षेको किबी स्थानीय बजारदेखि पाल्पा र बुटवलसम्म पुग्ने गरेको छ। उनले किबीलाई प्रशोधन गरेर वाइन बनाउन सुरु गरेका छन्। किबीलाई बजारको खासै समस्या नभएको थापाले बताए। थापाले पाँच वर्षदेखि किबीको नर्सरीसमेत गर्दै आएका छन्। उनको नर्सरीमा यतिबेला आठ हजार किबीका नयाँ बिरुवा रहेका छन्। एउटा बिरुवालाई रु एक सय ५० देखि रु दुई सय पर्दछ।

गाउँपालिकाले भार्षेलाई किबीको पकेट क्षेत्र घोषणा गरी कृषकलाई उत्प्रेरित गर्दै आएको छ। किबीखेती विस्तारका लागि पालिकाबाट प्राविधिक सहयोगदेखि आवश्यकताअनुसारको तालिम, टनेल, नर्सरी तथा बिरुवामा अनुदान उपलब्ध गराउँदै आएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद भुसाल बताउँछन्।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

मानसिक स्वास्थ्यप्रति सचेत बनौं

-निराश हुनु,
-तनाव तथा चिन्तित महसुस हुनु,
- बेला बेलामा डर लाग्नु,
-पसिना आउनु,
-गहिरो निद्रा नपर्नु लगायत मानसिक रोगका लक्षण हुन सक्छन्।

**मानसिक समस्या निदानको लागि:**
-नियमित व्यायाम गरौं,
-आफ्ना भावना खुल्ला रूपमा व्यक्त गरौं,
-परिवार र साथीहरूसँग समय बिताऔं,
- योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,
- आवश्यक परेमा मानसिक स्वास्थ्य विशेषज्ञसँग परामर्श गरौं,

**'स्वस्थ मन, सुखी जीवन'**

नेपाल सरकार
विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com